सुदूरपश्चिम विश्वविद्यालय
सेवा आयोगको कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

## विशेष आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति (स्थायी समायोजन) कालागि दरखास्त आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/०५/०६

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत कार्यकारी परिषद्को २०८०/०२/१४ को निर्णय अनुसारको सिफारिसमा छुट भई मिति २०८१/४/२५ मा सिफारिस भई आएको तथा टिकापुर बहुमुखी क्याम्पसमा ल्याव असिस्टेण्ट पदमा कार्यरत ल्याव असिस्टेण्ट भानुभक्त भण्डारीले सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद् तथा सेवा आयोगलाई समेत विपक्षी बनाई मिति २०८१/०५/१४ मा उच्च अदालत दिपायल महेन्द्रनगर इजलासमा दायर गरेको रिट नं. ०८१-WO-०००५ मा श्री उच्च अदालत दिपायल महेन्द्रनगर इजलासले मिति २०८१/१२/१३ मा गरेको परमादेश समेतका आधारमा पूर्णकालिन करारको तपशिलको पदमा रहेका कर्मचारीहरुको सुदूरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावली २०६९, (२०७७ संशोधन सहित) को ११०ख अनुसार तपशिलका पदहरुमा विशेष आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति (स्थायी समायोजन) गर्नु पर्ने भएकाले मिति २०८२/०५/०६ गतेदेखि मिति २०८२/०६/०९ गतेसम्म (दोब्बर दस्तुर तिरेर मिति २०८२/०६/१६ गतेभित्र) सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.npमा अंकित Online Application मार्फत दरखास्त आव्हान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।

तपशिल

| क्र.स. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | ११/२०८२-०८३ | ल्याव अस्टिेण्ट | १ |

विज्ञापन सम्वन्धी अन्य जानकारीकालागि वेवसाइट www.servicecomission.fwu.edu.np मा हेर्न सकिने छ ।

द्रष्टव्यः

१. आवेदन दस्तुर : हेड असिस्टेण्ट वा सो सरह रु. १५००।- आवेदन दस्तुर अनलाइन प्रणाली मार्फत बुझाउनु पर्ने छ । एक पटक बुझाई सकेको दस्तुर फिर्ता हुने छैन ।

२.आवश्यक योग्यता : सुदूरपश्चिम विश्वविद्यालय कर्मचारी नियुक्तिका आधार एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) को परिच्छेद ५ उप विनियम ११ (३) अनुसार योग्यता पुगेको ।

३. उमेर हदः सुदूरपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी सेवा नियमावलीको नियम ६ को उपनियम ९ (छ) अनुसार भएको ।

४. विज्ञापनको अन्तिम मिति पछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवा अवधिलाई मान्यता दिइने छैन ।

५. निम्न कागजातहरूको (Pdf) अनलाइन फारमका साथ अपलोड गर्नुपर्नेछ ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो

(ख) आधिकारिक हस्ताक्षर ।

(ग) नागरिकताको प्रतिलिपि ।

(घ) एसएलसी/एसइईदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरूका (विदेशी विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रका हकमा समकक्षताको प्राणपत्र समेत) प्रतिलिपिहरु ।

(ङ) सेवा अनुभवकालागि सुरुको नियुक्ति पत्र, नियुक्ति नवीकरण र कार्य अनुभवको प्रमाण पत्र पेश गर्नुपर्ने छ ।

(च) विश्व विद्यालयमा समायोजन भएको पत्रको प्रतिलिपि ।

(छ) आवेदित पदसंग सम्बन्धित तालिम लिएको भए सो को प्रमाणपत्र ।

(ज) कार्यसम्पादन मूल्यांकनको हकमा सम्बन्धित निकाय प्रमुखलाई बुझाएको पत्र ।

६.स्वदेशी विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको श्रेणी वा ग्रेड समेत खुलेको सम्बन्धमा विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नुपर्ने छ । अन्यथा आवेदनफारम स्वीकार गरिने छैन ।

७. अन्य जानकारीकालागि वेवसाइट www.servicecomission.fwu.edu.np मा रहेको कर्मचारी नियुक्ति एवं सिफारिस सम्बन्धी विनियम, २०७८ (दोस्रो संशोधन सहित) डाउनलोड गरी हेर्न वा सु.प.वि. सेवा आयोगमा सम्पर्क गर्न सकिने छ ।

८. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

९.सम्पर्क फोन नं. ०९९५२५४१ ईमेलः service.comission@fwu.edu.np

सेवा आयोगको कार्यालय



CamScanner